# जनस्वास्थ्य सेवा नियमावली, २०७७

नेपाल राजपत्रमा प्रकाशिति मिति

२०७७/०६/०५

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "जनस्वास्थ्य सेवा नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अस्पताल" भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ख) "आधारभूत स्वास्थ्य सेवा केन्द्र" भन्नाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्छ।

## परिच्छेद–२

## स्वास्थ्य सेवा

३. **आधारभूत स्वास्थ्य सेवाः** प्रत्येक नागरिकलाई ऐनको दफा ३ को उपदफा (४) बमोजिमका शीर्षक अन्तर्गतका अनुसूची-१ मा उल्लेख भए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु प्रत्येक आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा नेपाल सरकार, प्रदेश

नेपाल कानून आयोग

सरकार र स्थानीय तहबाट तोकिएको स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा प्रदान गरिनेछ।

४. **आकस्मिक स्वास्थ्य सेवा:** (१) आकस्मिक स्वास्थ्य सेवा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालले कम्तीमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको सामान्य आकस्मिक अवस्थाका स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) जनरल अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल, स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतका शिक्षण अस्पताल तथा अन्य शिक्षण अस्पतालले अनुसूची-२ मा उल्लेख भए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) आयुर्वेद सेवा केन्द्र, विशेषज्ञ आयुर्वेद अस्पताल र होमियोप्याथी अस्पतालले सम्बन्धित चिकित्सा पद्धति बमोजिमका आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(५) स्वास्थ्य संस्थाले यस नियम बमोजिमको आकस्मिक स्वास्थ्य सेवा चौबीसै घण्टा उपलब्ध गराउनु पर्नेछ।

(६) आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउँदा बिरामीको रोगको गाम्भीर्यताको आधारमा प्राथमिकता दिई उपचार गर्नु पर्नेछ।

(७) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवाका लागि आएका बिरामीलाई आवश्यक पर्ने सबै आकस्मिक स्वास्थ्य सेवा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध नभएमा उपलब्ध भएसम्मको आकस्मिक स्वास्थ्य सेवा तत्काल प्रदान गरी थप उपचारको लागि कारण खोली त्यस्तो सेवा उपलब्ध हुन सक्ने सबैभन्दा पायक पर्ने अन्य स्वास्थ्य संस्थामा तत्काल प्रेषण गर्नु पर्नेछ।

(८) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो संस्थामा आएका बिरामीलाई तत्काल आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ र सो को लागि आवश्यक भएमा बिरामीलाई अस्पतालमा भर्ना गर्नु पर्नेछ।

नेपाल कानून आयोग

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आकस्मिक स्वास्थ्य सेवाका बिरामीलाई उपचार गर्दा लाग्ने खर्च कुनै कारणले बिरामीले तत्काल बुझाउन नसक्ने भएमा त्यस्ता बिरामीलाई समेत आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(१०) यस नियम बमोजिम आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउँदा लागेको खर्च ऐनको दफा ४ बमोजिम व्यहोर्नु पर्नेछ।

५. **विशेषज्ञ र विशिष्टिकृत सेवाः** (१) विशेषज्ञ सेवा अनुसूची–३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको सेवा चिकित्सा विज्ञान सम्बन्धी विषयमा स्नातकोत्तर तह वा सो सरहको उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा विशेषज्ञको रुपमा दर्ता भएको चिकित्सकद्वारा प्रदान गरिनेछ।

(३) विशिष्टिकृत सेवा अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपनियम (३) बमोजिमको सेवा चिकित्सा विज्ञान सम्बन्धी विषयमा स्नातकोत्तर तहभन्दा माथिको शैक्षिक उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा विशेषज्ञको रुपमा दर्ता भएको तथा प्रचलित कानून बमोजिम उच्च विशेषज्ञता हासिल गरेका चिकित्सकद्वारा प्रदान गरिनेछ।

(५) मन्त्रालय वा प्रदेश सरकारले दूर चिकित्सा (टेलीमेडिसिन) मार्फत विशेषज्ञ सेवा उपलब्ध गराउन सक्नेछ।

(६) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले घुम्ती शिविर मार्फत समेत विशेषज्ञ सेवा उपलब्ध गराउन सक्ने छन्।

(७) घुम्ती शिविर मार्फत विशेषज्ञ सेवा सञ्चालन गर्न चाहने स्वास्थ्य संस्थाले प्रदेशको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट अनुमति लिई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी त्यस्तो सेवा सञ्चालन गर्न सक्नेछ।

(८) प्रत्येक मेडिकल कलेजले मन्त्रालयले तोकेको कम्तीमा एउटा जिल्लाको जिल्लास्तरीय अस्पतालमा शल्य चिकित्सा सहितको विशेषज्ञ सेवा उपलब्ध गराउनु पर्नेछ।

नेपाल कानून आयोग

६. **<u>प्रेषण गर्नु पर्ने:</u>** (१) ऐनको दफा ६ को उपदफा (१) बमोजिम स्वास्थ्य संस्थामा आएका बिरामीलाई आवश्यक सबै उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएसम्मको उपचार तत्काल प्रदान गरी थप उपचारको लागि त्यस्तो थप उपचार प्राप्त हुन सक्ने स्वास्थ्य संस्थामा प्रेषण पूर्जा सहित तत्काल प्रेषण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रेषण गर्दा सबैभन्दा नजिक वा पायक पर्ने स्वास्थ्य संस्थामा गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य संस्थाले बिरामी वा निजको संरक्षक वा निजलाई उपचारको लागि स्वास्थ्य संस्थामा ल्याउने व्यक्तिको लिखित सहमतिमा निजले इच्छाएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सक्नेछ।

(४) कुनै बिरामी वा निजको संरक्षक वा निजलाई उपचारको लागि स्वास्थ्य संस्थामा ल्याउने व्यक्तिले अर्को स्वास्थ्य संस्थामा प्रेषण हुन नचाहेमा थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा प्रेषित गर्नु पर्नाको कारणबारे यथासम्भव सम्झाउनु पर्नेछ। त्यसरी सम्झाउँदा पनि प्रेषण हुन नचाहेमा निजको लिखित सहमति लिई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएसम्मको उपचारको व्यवस्था मिलाउनु पर्नेछ।

(५) यस नियम बमोजिम प्रेषण गर्दा सम्बन्धित स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराएको उपचार पद्धति समेत प्रेषण पूर्जामा खुलाउनु पर्नेछ।

(६) यस नियम बमोजिम आफ्नो स्वास्थ्य संस्थामा प्रेषण भई आएका बिरामीको रोगको गाम्भीर्यताका आधारमा प्राथमिकता दिई उपचार गर्नु पर्नेछ।

(७) उपनियम (१) बमोजिम प्रेषण भई आएको बिरामीको उपचार गरिसकेपछि प्रेषण गर्ने स्वास्थ्य संस्थालाई आफूले उपलब्ध गराएको उपचार पद्धति समेत प्रेषण पूर्जामा खुलाई पृष्ठपोषण दिनु पर्नेछ।

(८) प्रेषण गर्ने स्वास्थ्य संस्थाले प्रेषण गरिएका बिरामीको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ।

नेपाल कानून आयोग

७. **सुसूचित सहमति लिनु पर्ने सेवाहरुः** (१) स्वास्थ्य संस्थाले अनुसूची-५ मा उल्लेख भए बमोजिमका सेवा उपलब्ध गराउँदा सेवाग्राहीको लिखित रुपमा सुसूचित सहमति लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्वास्थ्य संस्थाले सुसूचित सहमति लिँदा बिरामीलाई गरिने उपचार र सोको पद्धतिको बारेमा जानकारी गराउनु पर्नेछ।

८. **डिस्चार्ज (बहिर्गमन) सारांशः** स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराईरहेका बिरामीलाई डिस्चार्ज गर्दा अनुसूची-६ बमोजिमको डिस्चार्ज (बहिर्गमन) सारांश दिनु पर्नेछ।

## परिच्छेद-३

## स्वास्थ्य संस्थाको तहगत सङ्रचना, सेवाको प्रकार तथा मापदण्ड

९. **स्वास्थ्य संस्थाको तहगत सङ्रचनाः** (१) स्वास्थ्य सेवा केन्द्र, अस्पताल, शिक्षण अस्पताल, प्रयोगशाला तथा अन्य स्वास्थ्य संस्थाको तहगत सङ्रचना अनुसूची-७ बमोजिम हुनेछ।

(२) अनुसूची-७ बमोजिमका स्वास्थ्य संस्थाको भौतिक क्षमता तथा सुविधा, जनशक्ति, प्रयोगशाला, रक्तसञ्चार तथा अन्य मापदण्ड मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

१०. **स्वास्थ्य संस्थाले उपलब्ध गराउनु पर्ने स्वास्थ्य सेवाः** अनुसूची-७ बमोजिमका स्वास्थ्य संस्थाले सोही अनुसूचीमा उल्लेख भए बमोजिमका स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

११. **स्वास्थ्य संस्था सञ्चालनको मापदण्डः** प्रत्येक स्वास्थ्य संस्थाले अनुसूची-८ मा उल्लेख भए बमोजिमका विषयमा मन्त्रालयले तोके बमोजिमको मापदण्ड पूरा गरी स्वास्थ्य संस्था सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-४

## स्वास्थ्य संस्थाको इजाजतपत्र तथा नवीकरण

१२. **इजाजतपत्र लिनु पर्नेः** (१) कसैले पनि इजाजतपत्र नलिई निजी, गैरसरकारी, सहकारी वा गैर नाफामूलक सामुदायिक स्वास्थ्य संस्था सञ्चालन गर्न वा त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउनु हुँदैन।

(२) अनुसूची-९ बमोजिमका स्वास्थ्य संस्थाको लागि सोही अनुसूची बमोजिमका निकायबाट इजाजतपत्र लिनु पर्नेछ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत इजाजतपत्र नलिई सञ्चालनमा रहेका निजी, गैरसरकारी, सहकारी वा गैर नाफामूलक सामुदायिक स्वास्थ्य संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम इजाजतपत्र लिन चाहने स्वास्थ्य संस्थाले अनुसूची-१० बमोजिमको ढाँचामा उपनियम (२) बमोजिमको निकायमा निवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम निवेदन परेमा इजाजतपत्र दिने निकायले निवेदन दिने स्वास्थ्य संस्थाले अनुसूची-८ मा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गरे नगरेको जाँचबुझ गरी वा गराई मापदण्ड पूरा गरेको पाइएमा अनुसूची-११ मा उल्लेख भए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम इजाजतपत्र दिँदा सम्बन्धित निकायले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(७) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत कुनै निकायबाट अनुमति लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले नियम ९ बमोजिमको मापदण्ड वा नियम ११ बमोजिमको सञ्चालनको मापदण्ड पूरा गर्न समय माग गरेमा इजाजतपत्र दिने निकायले त्यस्तो स्वास्थ्य संस्थालाई औचित्य हेरी बढीमा छ महिनाको समयावधि थप गर्न सक्नेछ। सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ। यसरी खारेज भएपछि त्यस्तो स्वास्थ्य संस्थाको सम्पत्ति तथा दायित्व प्रचलित कानून बमोजिम हुनेछ।

(८) इजाजतपत्र लिएको कुनै स्वास्थ्य संस्थाले सोभन्दा माथिल्लो तहको स्वास्थ्य संस्थाको मापदण्ड पूरा गरी सो बमोजिमको स्वास्थ्य संस्थाको इजाजतपत्र लिन चाहेमा सोही तहको स्वास्थ्य संस्थाको इजाजतपत्र लिनु पर्नेछ।

१३. **इजाजतपत्रको नवीकरणः** (१) नियम १२ बमोजिम जारी भएको इजाजतपत्र प्रत्येक पाँच वर्षमा त्यस्तो इजाजतपत्र जारी गर्ने निकायबाट नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण गर्न स्वास्थ्य संस्थाले इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अघि अनुसूची-१२ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लेख भए बमोजिमका विवरण तथा कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम नवीकरणको लागि निवेदन दिएकोमा इजाजतपत्र जारी गर्ने निकायले आवश्यक जाँचबुझ गरी वा गराई अनुसूची-८ मा उल्लेख भए बमोजिमको मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गरेको पाइएमा इजाजतपत्रको अवधि सकिनु अघि इजाजतपत्र नवीकरण गरी दिनु पर्नेछ।

## परिच्छेद-५

## स्वास्थ्य संस्थाको अनुगमन तथा नियमन

१४. **स्वास्थ्य संस्थाको अनुगमन तथा नियमनः** (१) स्वास्थ्य संस्थाले ऐन तथा नियम ११ बमोजिमको सञ्चालनको मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गरे वा नगरेको वा सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमध्ये जुन तहबाट इजाजतपत्र दिइएको हो सोही तहबाट अनुगमन तथा नियमन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा नियमन गर्ने प्रयोजनको लागि सम्बन्धित तहले जनस्वास्थ्य निरीक्षक तोक्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम जनस्वास्थ्य निरीक्षक तोक्दा स्वास्थ्य सेवासँग सम्बन्धित क्षेत्रमा मन्त्रालयले तोके बमोजिमको योग्यता वा अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट तोक्नु पर्नेछ।

नेपाल कानून आयोग

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट तोकिएको जनस्वास्थ्य निरीक्षकले प्रदेश वा स्थानीय तहबाट इजाजतपत्र लिएका स्वास्थ्य संस्थाको र प्रदेश सरकारबाट तोकिएको जनस्वास्थ्य निरीक्षकले स्थानीय तहबाट इजाजतपत्र लिएका स्वास्थ्य संस्थाको समेत अनुगमन गर्न सक्नेछ।

१५. **स्वमूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्ने**: प्रत्येक स्वास्थ्य संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र इजाजतपत्र प्रदान गरेको निकाय समक्ष मन्त्रालयले तोके बमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ।

१६. **मापदण्ड बमोजिम गर्न लगाउने**: जनस्वास्थ्य निरीक्षकले अनुगमनको क्रममा वा नियम १५ बमोजिमको स्वमूल्याङ्कन प्रतिवेदनको आधारमा कुनै स्वास्थ्य संस्थाले मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन नगरेको वा सेवा प्रदान नगरेको पाइएमा सम्बन्धित स्वास्थ्य संस्थालाई मापदण्ड बमोजिम गर्न आदेश दिन सक्नेछ।

१७. **कारबाहीको लागि लेखी पठाउने**: नियम १४ बमोजिम अनुगमन वा नियमनको क्रममा कुनै स्वास्थ्य संस्थाले ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड पूरा नगरेको वा मापदण्ड बमोजिम सेवा सञ्चालन नगरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले गुणस्तर तथा मापदण्ड कायम गर्न लगाउनु वा कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

## परिच्छेद-६

## कोष सम्बन्धी व्यवस्था

१८. **स्वास्थ्य कोषको स्थापना र सञ्चालनः** (१) ऐनको दफा २८ बमोजिम एउटा स्वास्थ्य कोषको स्थापना हुनेछ।

(२) उपनियम (१) बमोजिमको स्वास्थ्य कोषको सञ्चालन मन्त्रालयले गर्नेछ ।

(३) स्वास्थ्य कोषको रकम आधारभूत स्वास्थ्य सेवा,औषधि उपकरण खरिद, विपन्न र असहाय उपचार कार्यक्रम तथा स्वास्थ्य बीमा जस्ता जनस्वास्थ्य सम्बन्धी स्वीकृत कार्यक्रममा खर्च गरिनेछ।

नेपाल कानून आयोग

(४) स्वास्थ्य कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

१९. **आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना र सञ्चालनः** (१) ऐनको दफा ३३ बमोजिम नेपाल सरकार र प्रत्येक प्रदेशमा छुट्टा छुट्टै आकस्मिक स्वास्थ्य उपचार कोषको स्थापना हुनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) सम्बन्धित प्रदेश सरकारले उपलब्ध गराएको रकम,

(ग) कुनै व्यक्ति, गैरसरकारी तथा निजी सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी संस्था, सरकार वा अन्तराष्ट्रिय संस्थाबाट प्राप्त रकम।

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको रकम लिनुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम नेपाल सरकारबाट स्थापना भएको कोषको सञ्चालन मन्त्रालयले र प्रदेश सरकारबाट स्थापना भएको कोषको सञ्चालन सम्बन्धित प्रदेश सरकारले तोकेको निकायले गर्नेछ।

## परिच्छेद–७

## रक्त सञ्चार सेवा, शव परीक्षण तथा एम्बुलेन्स र शववाहन

२०. **रक्त सञ्चार सेवा सञ्चालन गर्न इजाजतपत्र लिनु पर्नेः** (१) रक्त सञ्चार सेवा सञ्चालन गर्न चाहने संस्थाले मन्त्रालयले तोकेको विवरण तथा कागजात संलग्न गरी मन्त्रालय समक्ष इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ।

(२) यो नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका रक्त सञ्चार केन्द्रहरुले यो नियमावली प्रारम्भ भएको तीन महिनाभित्र उपनियम (१) बमोजिम इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ।



नेपाल कानून आयोग

(३) उपनियम (१) वा (२) बमोजिम इजाजतपत्रको लागि निवेदन दिने संस्थाले नियम ९ तथा नियम ११ बमोजिमको सञ्चालनको मापदण्ड पूरा गरेको देखिएमा मन्त्रालयले रक्त सञ्चार सेवा सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि तीन बर्षको हुनेछ।

(५) यस नियम बमोजिम इजाजतपत्र प्राप्त संस्थाले इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अघि इजाजतपत्र नवीकरणको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(६) मन्त्रालयले उपनियम (५) बमोजिम निवेदन प्राप्त भएपछि मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको जाँचबुझ गरी त्यस्तो रक्त सञ्चार सेवा सञ्चालन गर्ने संस्थाको इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

(७) उपनियम (३) बमोजिम इजाजतपत्र प्राप्त संस्थाले अस्पतालमा रक्त सञ्चार सेवा सञ्चालन गर्न रक्त सञ्चार एकाइहरु खडा गर्न सक्नेछ।

(८) रक्त सञ्चार सेवा सञ्चालन गर्ने संस्थाले सुरक्षित रगत मात्र सङ्कलन गर्नु पर्नेछ।

(९) रक्त सञ्चार सेवा सञ्चालन गर्ने संस्थाले ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड अनुसार रक्त सञ्चार सेवा सञ्चालन गरे वा नगरेको सम्बन्धमा मन्त्रालयले अनुगमन तथा निरीक्षण गर्नेछ।

(१०) उपनियम (९) बमोजिमको अनुगमन तथा निरीक्षणबाट कुनै रक्त सञ्चार संस्थाले ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड अनुसार सेवा सञ्चालन गरेको नपाइएमा मन्त्रालयले त्यस्तो संस्थालाई निश्चित समय तोकी मापदण्ड पालना गराउन वा संस्थाको इजाजतपत्र खारेज गर्न सक्नेछ।

तर त्यसरी इजाजतपत्र खारेज गर्नु अघि सो संस्थालाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

२१. **<u>शव परीक्षणः</u>** शव परीक्षण गर्ने चिकित्सकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१५ बमोजिमको ढाँचामा शव परीक्षण गर्नु पर्नेछ।

नेपाल कानून आयोग

२२. **बेवारिसे शवको प्रयोगः** (१) कुनै अध्ययन अनुसन्धान गर्ने संस्थाले ऐनको दफा ३६ को उपदफा (२) बमोजिम बेवारिसे शवको अध्ययन वा अनुसन्धान गर्न चाहेमा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) मन्त्रालयले आवश्यक देखेमा उपनियम (१) बमोजिमको अध्ययन अनुसन्धान गर्ने संस्थालाई बेवारिसे शव हस्तान्तरण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिमको अध्ययन अनुसन्धान गर्ने संस्थाले बेवारिसे शवको प्रयोगबाट चिकित्साशास्त्रको अध्ययनमा भएको उपलब्धि सम्बन्धी प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

तर अध्ययन अनुसन्धानबाट प्राप्त नतिजामा बौद्धिक सम्पत्ति सम्बन्धी विषय समावेश भएमा सोको अतिक्रमण नहुने गरी मन्त्रालयले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

२३. **एम्बुलेन्स तथा शव वाहन सेवाः** (१) मन्त्रालयले तोकेको स्वास्थ्य संस्थाले मात्र एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको स्वास्थ्य संस्थाले नियम ११ बमोजिम तोकिएको एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन सम्बन्धी मापदण्ड पूरा गर्नु पर्नेछ।

२४. **मानव मृत्युको कारण पहिचानः** (१) स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा उपचार गराइरहेको अवस्थामा कसैको मृत्यु भएमा त्यस्तो मृत्युको कारण पहिचान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मृत्युको कारण पहिचान गर्न स्वास्थ्य संस्थाले विशेषज्ञको राय, परामर्श तथा प्रतिवेदन लिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदन समेतको आधारमा पहिचान गरिएको मृत्युको कारण समेतको लिखित अभिलेख सम्बन्धित संस्थाले राख्नु पर्नेछ।

## परिच्छेद–८

## जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन तथा आपतकालीन स्वास्थ्य सेवा र सङ्क्रमणको रोकथाम

२५. **खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापनः** प्रत्येक स्वास्थ्य संस्थाले नियम ११ बमोजिम तोकिएको खानेपानी, सरसफाई तथा फोहोरमैला सम्बन्धी मापदण्ड पूरा गर्नु पर्नेछ।

२६. **लक्षित समूहका लागि विशेष सामाजिक सुरक्षा तथा अन्य कार्यक्रमः** (१) ऐनको दफा ४७ को उपदफा (१) बमोजिमको लक्षित समूहका लागि दिइने स्वास्थ्य सेवा, सुविधा तथा प्रक्रिया नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम लक्षित समूहका लागि निर्धारण गरिएको स्वास्थ्य सेवा तथा सुविधा प्रदेश सरकार तथा स्थानीय तह मार्फत उपलब्ध गराइनेछ।

(३) उपनियम (२) को प्रयोजनको लागि प्रदेश सरकार तथा स्थानीय तहलाई नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

२७. **आपतकालीन स्वास्थ्य सेवाको व्यवस्थापनः** (१) ऐनको दफा ४८ को उपदफा (१) बमोजिमको आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवाको व्यवस्थापनका लागि मन्त्रालयले द्रुत प्रतिकार्य टोली र आपतकालीन चिकित्सकीय समूह परिचालन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको द्रुत प्रतिकार्य टोली र आपतकालीन चिकित्सकीय समूहको काम, कर्तव्य, अधिकार तथा कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(३) आपतकालीन उपचारका लागि सरकारी, गैरसरकारी, निजी, सहकारी, गैर नाफामूलक सामुदायिक, शिक्षण अस्पताल तथा अन्य स्वास्थ्य संस्थाले आफ्नो संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी आपतकालीन स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(४) सङ्क्रामक रोगको महामारी, कीट, सूक्ष्म जिवाणु आतङ्क, आकस्मिक वा अप्रत्यासित कारणबाट विपद्को अवस्था सृजना भएमा ऐनको दफा ४८ को उपदफा (४) बमोजिम नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहले आवश्यक आदेश जारी गरी जनस्वास्थ्य विपद् अवस्था घोषणा गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम जनस्वास्थ्य विपद् अवस्था घोषणा भएमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जुनसुकै बखत गैरसरकारी, निजी, सहकारी, गैर

नेपाल कानून आयोग

नाफामूलक सामुदायिक शिक्षण अस्पताल वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, सञ्चालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा त्यस्तो स्वास्थ्य संस्था नियन्त्रणमा लिई सञ्चालन गर्न वा गराउन सक्नेछ।

(६) उपनियम (५) बमोजिम कुनै स्वास्थ्य संस्थालाई नियन्त्रणमा लिएकोमा त्यस्तो स्वास्थ्य संस्थाको सञ्चालन उपनियम (४) बमोजिम जनस्वास्थ्य विपद् घोषणा गर्ने सम्बन्धित सरकार वा तहले निर्धारण गरे बमोजिम हुनेछ।

(७) यस नियम बमोजिम आपतकालिन स्वास्थ्य सेवा व्यवस्थापन गर्न वा जनस्वास्थ्य विपद्को अवस्थामा सम्बन्धित सरकार वा तहले कुनै पनि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसारको स्वास्थ्य संस्था वा क्षेत्रमा खटाउन सक्नेछ।

(८) कुनै प्रदेश सरकार वा स्थानीय तहले उपनियम (४) बमोजिम जनस्वास्थ्य विपद अवस्था घोषणा गरेकोमा सो प्रदेश वा स्थानीय तहमा उपलब्ध स्वास्थ्यकर्मी नपुग भएमा स्थानीय तहले प्रदेश तथा नेपाल सरकारसँग र प्रदेश सरकारले नेपाल सरकारसँग थप स्वास्थ्यकर्मी माग गर्न सक्नेछ र त्यसरी माग भएमा नेपाल सरकार तथा प्रदेश सरकारले आफू अन्तर्गत कार्यरत जनशक्तिलाई त्यस्तो जनस्वास्थ्य विपद् क्षेत्रमा खटाउनेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (४) बमोजिमको अवस्था नरहेमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यक आदेश जारी गरी जुनसुकै बखत त्यस्तो जनस्वास्थ्य विपद् अवस्था घोषणा फिर्ता लिन सक्नेछ।

२८. **<u>सङ्क्रामक रोगको व्यवस्थापनः</u>** (१) सङ्क्रामक रोगको बिरामी पहिचान भएमा सम्बन्धित व्यक्तिले सोको जानकारी तत्काल सम्बन्धित स्थानीय तह, प्रदेश सरकार वा मन्त्रालयलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएकोमा सङ्क्रामक रोगको रोकथामको लागी सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहबाट सम्भव नहुने भएमा मन्त्रालयले तत्काल द्रुत प्रतिकार्य टोली खटाई रोग नियन्त्रण गर्नु पर्नेछ।

(३) सङ्क्रामक रोगको रोकथामको लागि सम्बन्धित सरकारले देहाय बमोजिम गर्न सक्नेछः-

(क) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी परिचालन गर्न,

(ख) सङ्क्रामक रोगको उपचारको लागि छुट्टै डेडिकेटेड अस्पताल तोक्न,

(ग) सार्वजनिक भवन तथा स्थल प्रयोग गर्न,

(घ) सङ्क्रामक रोग लागेको वा रोग लागेको शंका लागेको व्यक्तिको रोगको अन्वेषण गर्न,

(ङ) सङ्क्रमणको स्रोतबाट नमूना सङ्कलन गर्न वा नष्ट गर्न,

(च) सङक्रमित व्यक्तिलाई खोप लगाउन तथा अन्य उपचार गर्न,

(छ) सङ्क्रमण हुन सक्ने सम्भावित व्यक्तिहरुलाई क्वारेन्टिनमा राख्न,

(ज) कुनै विशेष ठाउँमा निश्चित समयको लागि छुट्टै (आइसोलेसन) राखी उपचार गर्न।

(४) उपनियम (३) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको अवस्थामा नियम ७ बमोजिम सम्बन्धित व्यक्तिको सुसूचित सहमति आवश्यक पर्ने छैन।

(५) सङ्क्रामक रोगको प्रकोपको प्रकृति, लक्षण, रोकथाम र नियन्त्रण तथा अन्य आवश्यक सूचनाहरु मन्त्रालय, सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

(६) सङ्क्रामक रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न मन्त्रालय, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(७) स्वास्थ्यकर्मी तथा कर्मचारीलाई उपचारको क्रममा सङ्क्रमण हुनबाट रोक्न वा अन्य कुनै कारणबाट रोगको सङ्क्रमण हुन नदिन सरकारी स्वास्थ्य संस्थाको हकमा सम्बन्धित संस्थाको प्रमुखले र अन्य स्वास्थ्य संस्थाको हकमा व्यवस्थापकले देहाय बमोजिमको उपाय अवलम्बन गर्नु पर्नेछः-

(क) स्वास्थ्यकर्मी तथा बिरामीको सम्पर्कमा आउने सबै कर्मचारीलाई रोगको सङ्क्रमण रोकथामको लागि आवश्यक खोप दिने,

(ख) सङ्क्रामक रोगको जैविक नमूना सङ्कलन र परीक्षण गर्ने काम गर्ने व्यक्तिले सङ्क्रमण रोकथाम तथा नियन्त्रणका उपाय अनिवार्य रुपमा अवलम्बन गर्ने,

(ग) विकिरणयुक्त उपकरणमा काम गर्ने कर्मचारीलाई विकिरण रोक्ने सामग्री तथा सङ्रचना उपलब्ध गराउने,

(घ) गर्भवती स्वास्थ्यकर्मीलाई विकिरणयुक्त तथा कुनै खास सङ्क्रमण वा जोखिमयुक्त कार्यमा नलगाउने,

(ङ) कुनै खास सङ्क्रमण वा जोखिमबाट कर्मचारीलाई जोगाउन व्यक्तिगत सुरक्षाका साधन तथा कुनै खास उपाय अवलम्बन गर्नु पर्ने भए सोको प्रबन्ध गर्ने।

## परिच्छेद–९

## विविध

२९. **उजूरी गर्न सक्नेः** (१) ऐनको दफा १८ बमोजिम उपचारको क्रममा कुनै बिरामीको स्वास्थ्यमा थप जटिलता देखा परेमा वा उपचारको प्रक्रियामा निजलाई कुनै आशङ्का भएमा सोही व्यहोरा खुलाई देहायका पदाधिकारी समक्ष बिरामी वा संरक्षक वा निजलाई उपचार गराउन ल्याउने व्यक्तिले लिखित रुपमा उजूरी गर्न सक्नेछः-

(क) स्वास्थ्य संस्थाको प्रमुख बाहेकका अन्य स्वास्थ्यकर्मीले उपचार गरेको भए सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख समक्ष,

(ख) स्वास्थ्य संस्थाको प्रमुखले उपचार गरेको भए सो स्वास्थ्य संस्थाभन्दा माथिल्लो स्वास्थ्य संस्थाको प्रमुख समक्ष।

(२) उपनियम (१) बमोजिम उजूरी परेकोमा सम्बन्धित अधिकारीले तत्काल सम्बन्धित स्वास्थ्यकर्मी वा स्वास्थ्य प्रमुखसँग बुझी आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा उजूरीमा उल्लेख भएको व्यहोरा साँचो देखिएमा उपनियम (१) बमोजिमको अधिकारीले त्यस्तो बिरामीको उपचारको लागि

कुनै अर्को स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मी समक्ष वा सोही स्वास्थ्य संस्थाको अर्को स्वास्थ्यकर्मी समक्ष उपचारको लागि पठाउन सक्नेछ।

(४) उपनियम (२) बमोजिमको जाँचबुझको क्रममा ऐन वा यस नियमावली विपरीतको काम भए गरेको देखिएमा उपनियम (१) बमोजिमको अधिकारीले त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य प्रमुखलाई कारबाहीको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ।

३०. **निर्णय गर्ने अधिकार:** ऐनको दफा १४ को उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि जनस्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने विषयमा निर्णय गर्ने अधिकार सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखलाई हुनेछ।

३१. **क्षतिपूर्तिको रकम निर्धारण:** ऐनको दफा ५७ को उपदफा (२) बमोजिम मर्का पर्न गएको पक्षलाई कसूरदारबाट भराइने क्षतिपूर्ति निर्धारणका आधार तथा अन्य व्यवस्था अपराध पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

३२. **औषधिको भण्डारण तथा बिक्रि वितरण:** (१) औषधि बिक्रेताले प्रचलित कानून बमोजिम औषधिको भण्डारण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम औषधि भण्डारण गर्दा त्यस्तो औषधिको गुणस्तर कायम रहने प्रबन्ध मिलाउनु पर्नेछ।

३३. **अभिलेख राख्ने:** स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थाबाट सेवा लिएका सेवाग्राहीको व्यक्तिगत विवरण, स्वास्थ्य सम्बन्धी अवस्था, निदान तथा उपचारसँग सम्बन्धित विवरणको छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्नेछ।

३४. **अनुसूचीमा हेरफेर वा थपघट:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

नेपाल कानून आयोग

# अनुसूची-१

## (नियम ३ सँग सम्बन्धित)

## आधारभूत स्वास्थ्य सेवा

(१) खोप सेवाः

| | |
|---|---|
| बालबालिकाको लागि खोप सेवा | बि.सि.जि (BCG), पोलियो खोप (Injectable and Oral), निमोकोकल (Pneumococcal), डिपिटी (DPT), हिब (Hib), हेपाटाइटीस बी. (HepatitisB), दादुरा-रुबेला (Measles-Rubella), जापनिज इन्सेफलाइटिस (Japanese encephalitis), रोटा भाइरसको खोप (Rotavirus Vaccine) |
| गर्भवती महिला तथा प्रजनन उमेरका महिलाको लागि खोप सेवा | • धनुष्टङ्कार तथा भ्यागुते रोग विरुद्ध खोप (Tetanus and diphtheria/Td vaccine)<br>• Human Papillomavirus (HPV) vaccines |

(२) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाः

(क) नवजात शिशु तथा बालरोग व्यवस्थापनः

| | |
|---|---|
| नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा | दुई महिनासम्मको शिशुको स्याहार तथा उपचार<br>देहाय बमोजिमका अवस्था भएका नवजात शिशुहरूको स्तरीय उपचार पद्धति अनुसार आधारभूत सेवा प्रदान गर्नुपर्नेः-<br>• नवजात सङ्क्रमण (neonatal sepsis)<br>• निसास्सिएको नवजात शिशु (Birth asphyxia)<br>• शिताङ्ग (hypothermia)<br>• कमलपित्त (jaundice) |

| | |
|---|---|
| | • कम जन्मतौल (Low birth weight)<br>• समय नपुगी जन्मेका (Premature birth)<br>• स्तनपान तथा खुवाउने सम्बन्धी समस्या (Feeding Problems)<br>• नाभी सम्बन्धी समस्या<br>• रगतमा ग्लुकोजको कमी<br>• जन्मजात विकलाङ्गता (Birth defect) |
| | <u>दुई महिना देखि पाँच बर्षसम्मका बालबालिकाको स्याहार तथा उपचार</u><br>देहाय बमोजिमको अवस्थामा प्रचलित उपचार पद्धति अनुसार आधारभूत सेवाहरू प्रदान गर्नु पर्नेः<br>• शीघ्र श्वासप्रश्वास सङ्क्रमण<br>• निमोनिया (pneumonia)<br>• औलो<br>• झाडापखाला<br>• दादुरा<br>• कुपोषण<br>• कानको सङ्क्रमण। |

(ख) <u>पोषण सेवाः</u>

| | |
|---|---|
| पोषण (Nutrition)सम्बन्धी सेवा | <u>पोषण परामर्श तथा कुपोषणको व्यवस्थापन</u><br><u>पोषण परामर्शः</u><br>• गर्भवती महिलालाई पोषण परामर्श, आमाको स्तनपान गराउने लगायत बालबालिकाका लागि पोषण परामर्श । |
| | • आहार विविधीकरण (Dietary diversification) परामर्श सेवा र |

| | |
|---|---|
| ( | प्रदर्शन। |
| | • शीघ्र कुपोषणको प्रचलित उपचार पद्धति अनुसार निदान र व्यवस्थापन। |
| | • जटिल शीघ्र कुपोषणको प्रचलित उपचार पद्धति अनुसार निदान र प्रेषण सेवा । |
| | सुक्ष्म पोषण पूरकता ( Micronutrient supplementation):<br>• पाँच वर्ष मुनिका बालबालिकाको लागिः भिटामिन ए क्याप्सुल ।<br>• गर्भवती महिलाका लागिः आइरन चक्की ।<br>• सुत्केरी महिलाका लागिः आइरन चक्की । |
| | • बाह्र महिनादेखि उनन्साठी महिनासम्मका बालबालिका तथा स्कूल जाने बालबालिकाको लागि (विद्यालय मार्फत) : जुकाको औषधि ।<br>• गर्भवती महिलाका लागिः जुकाको औषधि । |
| | • दुई वर्ष मुनिका बालबालिकाका लागिः वृद्धि अनुगमन तथा परामर्श। |
| | • बी.एम.आई.(Body Mass Index) जाँच तथा परामर्श । |

ग

(ग) गर्भवती, प्रसव तथा सुत्केरी सेवाः

| | |
|---|---|
| गर्भवती जाँच सेवा (Antenatal service) | • सामान्य गर्भावस्थाको पहिचान, परामर्श, प्रचलित उपचार पद्धति अनुसार व्यवस्थापन र प्रेषण,<br>• उच्च जोखिम गर्भावस्थाको पहिचान, परामर्श, प्रचलित उपचार पद्धति अनुसार व्यवस्थापन र प्रेषण । |
| प्रसव तथा सुत्केरी सेवा (Delivery Service) | सामान्य सुत्केरी सेवा परामर्श, जटील सुत्केरीको पहिचान, व्यवस्थापन र प्रेषण सेवा,<br>• सुत्केरी पश्चात प्रचलित उपचार पद्धति अनुसार व्यवस्थापन, |

| | |
|---|---|
| | परिवार नियोजन सेवा तथा परामर्श,<br>• प्रचलित उपचार पद्धति अनुसार तत्कालिन तथा आवश्यक नवजात सुत्केरी सेवा (Immidiate and Essential New Born Care) |

(घ) <u>परिवार नियोजन, गर्भपतन सेवा, प्रजनन स्वास्थ्य समस्या तथा महिला क्यान्सर सम्बन्धी सेवा:</u>

| | |
|---|---|
| परिवार नियोजन (Family planning) | परिवार नियोजन परामर्श तथा सेवाः पुरुष कण्डम, गर्भ निरोधक चक्की (OCP), गर्भ निरोधक सुई, |
| गर्भपतन सेवा (Abortion-related services) | सूचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा, परामर्श तथा प्रेषण |
| | गर्भपतन पश्चात (Post-abortion) सेवा तथा आवश्यक परामर्श र परिवार नियोजन सेवा समेत |
| प्रजनन स्वास्थ्य समस्या (Reproductive health morbidity) | आङ खस्ने समस्या (Utero-Vaginal prolapse): शीघ्र पहिचान (Early screening) तथा परामर्श |
| | प्रजनन फिस्टुला (Obstetric fistula): शीघ्र पहिचान (Early screening) तथा परामर्श र प्रेषण |
| महिला क्यान्सर (Cancer) | पाठेघरको मुखको क्यान्सरः सामान्य जाँच, परामर्श तथा प्रेषण |
| | स्तन क्यान्सरः प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण |
| किशोरावस्था मैत्री सेवा | किशोर किशोरीमैत्री सूचना तथा परामर्श सेवा, स्वास्थ्य सेवा |

(३) <u>सरुवा रोग सम्बन्धी सेवा:</u>

| | |
|---|---|
| एच. आई. भी/ एड्स (HIV/AIDS) | परामर्श |
| | अवसरवादी सङ्क्रमण (Opportunistic infection)को व्यवस्थापन |

नेपाल कानून आयोग

| | |
|---|---|
| क्षयरोग (Tuberculosis) | निदान तथा उपचार (पहिलो लाइनको औषधि) |
| औलो (Malaria) | निदान तथा उपचार (प्रभावित क्षेत्रमा मात्र) |
| जनावर टोकाइ (Animal bite) | जोखिम लेखाजोखा, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| कुष्ठरोग (Leprosy) | निदान, उपचार तथा प्रेषण |
| कालाजार (Kala-azar) | परामर्श तथा प्रेषण |
| डेंगु (Dengue) | परामर्श तथा प्रेषण |
| फाइलारियसिस (Filariasis) | परामर्श तथा प्रेषण |
| पाचन प्रणाली सम्बन्धी सङ्क्रमण Gastrointestinal infections) | सामान्य झाडापखाला (Acute diarrhea): जल-वियोजन (Dehydration) को लेखाजोखा र उपचार |
| | आउँ (dysentery): प्रारम्भिक निदान (provisional diagnosis) उपचार र प्रेषण |
| | म्यादेज्वरो प्रारम्भिक निदान (provisional diagnosis ) र लाक्षणिक उपचार तथा प्रेषण |
| | जुका तथा पाचन प्रणालीका अन्य परजीवी सङ्क्रमणः प्रारम्भिक निदान,<br><br>उपचार |
| श्वास प्रश्वास प्रणाली सम्बन्धी सङ्क्रमण (Respiratory tract infections) | मौसमी इन्फ्लुएन्जा (Seasonal influenza): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | श्वासप्रश्वास नली सङ्क्रमण (Sinusitis, Pharyngitis, tonsillitis, bronchitis, pneumonia): प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |

नेपाल कानून आयोग

| | |
|---|---|
| बिबिराजन्य (Eruptive) रोग | दादुरा (Measles): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | ठेउला (Chickenpox): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| | रुबेला (Rubella): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| हाँडे (Mumps) | प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| छाला (Skin)तथा नरम तन्तु (Soft tissue)सङ्क्रमण | लुतो (Scabies): निदान र उपचार |
| | जुम्रा (Pediculosis): निदान र उपचार |
| | छालाको सङ्क्रमण (Cellulitis), पिलो (Abscess), फोड़ा (boil, furunculosis): निदान र उपचार तथा प्रेषण |
| | दाद (Ringworm) तथा अन्य ब्याक्टेरिया (Bacterial) र ढुसीजन्य (Fungal)छाला रोगहरु: निदान र उपचार तथा प्रेषण |
| आँखा सम्बन्धी सङ्क्रमण (Eye infections) | आँखामा सङ्क्रमण: प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण<br>नवजातमा आँखा पाक्ने समस्या (Opthalmia Neonatorum): प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |
| नाक र कानको सङ्क्रमण (Nose and ear infections) | कानमा सङ्क्रमण: प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण<br>नाकमा सङ्क्रमण: प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |
| मुख सम्बन्धी सङ्क्रमण (Oral infections) | मुख भित्रको सङ्क्रमण: प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण |
| | मुखको घाउ: प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण |
| प्रजनन तथा यौन रोग | तल्लो पेट दुखाइको (Lower abdominal Pain syndrome) : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | पिसाब नलीबाट पिप आउने समस्या (Urethral discharge syndrome) प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |

नेपाल कानून आयोग

| | |
|---|---|
| | योनीबाट प्रदर आउने समस्या (Vaginal discharge syndrome): प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | योनी/लिङ्गमा घाउ आउने समस्या (Genital Ulcer syndrome): प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | अण्डकोषको थैली सुन्निने समस्या (Scrotal Swelling Syndrome): प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | काँछको लिम्फग्रन्थी सुन्निने समस्या(Inguinal Bubo syndrome): प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | मूत्रप्रणालीको सङ्क्रमण (Urinary Tract Infection): प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |

(४) <u>नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवाः</u>

| | |
|---|---|
| उच्च रक्तचाप<br>(Hypertension) | • प्रारम्भिक जाँच तथा जोखिम पहिचान, आकस्मिक उपचार, परामर्श सेवा तथा प्रेषण<br>• उपचारको निरन्तरता |
| मधुमेह<br>(Diabetes mellitus) | प्रारम्भिक जाँच तथा जोखिम पहिचान, परामर्श सेवा तथा प्रेषण<br>उपचारको निरन्तरता |
| दीर्घकालीन अवरोधात्मक फोक्सोको रोग तथा दमको रोग<br>[Chronic Obstructive Pulmonary Disease (COPD) and Asthma] | • प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण<br>• आकस्मिक उपचार |
| हाडजोर्नी तथा मांसपेशीको दुखाई (Musculoskeletal pain) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| अम्लपित्त (Acid peptic disease) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा |

नेपाल कानून आयोग

| | |
|---|---|
| | प्रेषण |
| आँखा सम्बन्धी समस्या (Eye problems) | प्रारम्भिक निदान, लाक्षणिक उपचार,परामर्श तथा प्रेषण |
| कान सम्बन्धी समस्या<br>(Ear problems) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| मुख सम्बन्धी स्वास्थ्य समस्या (Oral health problems) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| अपाङ्गता (Disability) | प्रारम्भिक निदान, परामर्श तथा प्रेषण |

(५) <u>मानसिक रोग सम्बन्धी सेवाः</u>

| | |
|---|---|
| मानसिक स्वास्थ्य समस्या (Common mental health problems) | प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| मदिरा तथा लागू पदार्थ दुर्व्यसन (Alcohol and substance abuse) | लागू पदार्थ दुर्व्यसनः प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | मदिरापानको लत (Alcoholism/dependancy)को जाँच र प्रारम्भिक व्यवस्थापन, प्रेरणादायी अन्तरक्रिया (Motivational interviewing), प्रेषण र परामर्श |

(६) <u>जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवाः</u>

| | |
|---|---|
| जेष्ठ नागरिकको स्वास्थ्य समस्या (Geriatric health problem) | • प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण<br>• स्वास्थ्य प्रबर्द्धन सेवा<br>• Phyisotherapy and rehabilitation<br>• पोषण |

(७) <u>सामान्य आकस्मिक अवस्थाका सेवाः</u>

| | |
|---|---|
| चोटपटक तथा घाउखटिरा | घाउ चोटको मलमपट्टी र आवश्यकता अनुसार प्रेषण र परामर्श |
| | काटेको ठाउँमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श |
| | पिलो र फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण र परामर्श |
| आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common emergency conditions) | आघात (shock): व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | मुर्छित अवस्थाको लेखाजोखाः प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार उपचार र प्रेषण |
| | कन्भल्जन ( Convulsion): व्यवस्थापन तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | दुर्घटनाबाट गम्भीर घाइते बिरामीः स्थिर बनाउने, आवश्यक व्यवस्थापन र प्रेषण सेवा |
| | हाड भाँचिएको (fracture) वा जोर्नी खुस्केको (joint subluxation, dislocation) : स्थिर बनाउने, निदान, दुखाइको व्यवस्थापन र प्रेषण परामर्श |
| | पोलाई (Burn and scald) : प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण |
| | विषादी सेवनः पेट सफा गर्ने (Gastric lavage) लगायतका प्रारम्भिक व्यवस्थापन, उपलब्ध प्रति-बिषादी (antidote) को प्रयोग तथा आवश्यकता अनुसार प्रेषण सेवा |
| | पानीमा डुबेको (Drowning) : प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण सेवा |

नेपाल कानून आयोग

| | |
|---|---|
| आँखा ,नाक, कान, घाँटीसँग सम्बन्धित आकस्मिक अवस्था (Eye and ENT-related common emergencies) | घाँटीमा बाह्यपदार्थ (foreign body); प्राथमिक उपचार, परामर्श तथा प्रेषण |
| | आँखामा बाह्यपदार्थ (Foreign body) : प्राथमिक उपचार परामर्श तथा प्रेषण |
| | कान भित्र बाह्यपदार्थ (Foreign body): प्राथमिक उपचार परामर्श तथा प्रेषण |
| | नाकबाट रगत आउने समस्या (Epistaxis): प्राथमिक उपचार परामर्श तथा प्रेषण |
| सर्पदंश (snake bite) | प्राथमिक उपचार परामर्श तथा प्रेषण |

(८) स्वास्थ्य प्रबर्द्धन सेवा:

| | |
|---|---|
| स्वास्थ्य प्रबर्द्धन सेवा (Health promotion services) | जनचेतनामूलक सूचना तथा सञ्चार सामग्री/ व्यवहार परिवर्तन सञ्चार तथा परामर्श सेवा |

(९) आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवा:

| | |
|---|---|
| आयुर्वेद | पूर्वपञ्च कर्म सेवा |
| | योग सेवा |
| | सतावरी (सुत्केरी आमाको लागि) |
| होमियोपेथिक | मुसा (थुजा) को निदान र उपचार |
| | छालाको एलर्जीको निदान र उपचार |
| | टन्सिलको निदान र उपचार |
| | अम्लपित्तको निदान र उपचार |
| | दुबीको निदान र उपचार |
| | हाडजोर्नीको समस्या (arthritis) |

* स्तरीय उपचार प्रोटोकलले तोके बमोजिमको सेवा प्रदान गर्नु पर्ने ।

नेपाल कानून आयोग

# अनुसूची -२

## नियम ४ को उपनियम (१), (२) र (३) सँग सम्बन्धित)

## आकस्मिक स्वास्थ्य सेवा

| क्र.सं. | आकस्मिक स्वास्थ्य सेवा | स्वास्थ्य समस्याहरू | |
|---|---|---|---|
| १. | श्वासप्रश्वास सम्बन्धी | Acute Exacerbation of Chronic Obstructive Pulmonary Disease<br>Acute Mountain Sickness<br>Acute Pulmonary Embolism<br>Acute Pulmonary Oedema<br>Acute Respiratory Failure<br>Acute Respiratory Distress Syndrome (ARDS)<br>Aspiration Pneumonia<br>Asthma | Decompression Syndrome<br>Foreign Body in respiratory tract<br>High Altitude Pulmonary Oedema (HAPE)<br>Respiratory Acidosis<br>Respiratory Alkalosis<br>Ruptured diaphragm<br>Status Asthmaticus<br>Severe pneumonia<br>Tension Pneumothorax<br>Others |
